

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ४७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन १८ गते बिहीबार ❑ 2 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## संघीयताको जग तयार : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले मुलुकमा संघीयताको जग तयार भएको बताउनुभएको छ । गण्डकी प्रदेशसभा बैठकलाई बुधबार सम्बोधन गर्नुहुँदै उहाँले प्रदेश संरचना सुनिने अवस्थाबाट देखिने अवस्थामा आइपुगेको उल्लेख गर्नुभयो ।

पाँच वर्षअघि शून्य संरचनाबाट सुरु भएको गण्डकी प्रदेश भौतिक, प्रशासनिक र कानुनी पूर्वाधार खडा गर्न सफल भएको प्रदेश प्रमुख गुरुङले बताउनुभयो । प्रदेशलाई स्थापित गर्न सरकार र प्रदेशसभाले खेलेको भूमिकाको उहाँले प्रशंसा गर्नुभयो । "प्रदेशसभाको प्रथम कार्यकालमा सरकार निर्माण गर्न, कानुन निर्माण गर्न, बजेट तथा योजना निर्माण गर्न यहाँहरूले पुर्‍याउनुभएको योगदानका लागि धन्यवाद ज्ञापन गर्दछु", प्रदेश प्रमुख गुरुङले भन्नभयो । प्रदेशको पञ्चवर्षीय योजनाको कार्यान्वयन, प्रदेश लोकसेवा आयोग गठन, गण्डकी प्रदेश प्रशिक्षणको स्थापनाजस्ता कार्यलाई उपलब्धिको रुपमा लिनुपर्ने उहाँले बताउनुभयो ।



प्रदेश प्रमुख गुरुङले अहिलेको प्रदेश सरकारले मन्त्रालय सङ्ख्या घटाएर प्रदेशवासीमा सकारात्मक सन्देश दिएको उल्लेख गर्नुभयो । ऐन, कानुन निर्माणदेखि विकास आयोजनालाई गति दिन प्रदेश सरकारले सक्रियता लिइरहेको उहाँको भनाइ छ ।

"प्रदेशलाई बलियो बनाई प्रदेश सरकारको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन मुख्यमन्त्रीबाट पटकपटक प्रधानमन्त्रीलाई भेट गरी प्रदेशका समस्या र समाधानका उपायका सम्बन्धमा जानकारी गराउने काम भएको छ", प्रदेश प्रमुख गुरुङले भन्नुभयो । जनअपेक्षाअनुरुप विकास, सुशासन र सेवा प्रवाहलाई चुस्त पार्न प्रदेश सरकारले थप प्रयत्न गर्नुपर्ने उहाँले बताउनुभयो । "संविधानमा व्यवस्था गरिएको सबै मौलिक हकअधिकारको व्यवहारमा अवलम्बन गर्न/गराउन बाँकी नै छ, सेवा प्रवाहलाई सहज र सरल बनाउनु जरुरी छ", प्रदेश प्रमुख गुरुङले भन्नुभयो ।

उहाँले 'समृद्ध प्रदेश, सुखी नागरिक'को लक्ष्य प्राप्तिका लागि वर्तमान गण्डकी सरकार प्रतिबद्ध रहेको बताउनुभयो । विकास र समृद्धि कुनै राजनीतिक दल वा समूह विशेषको निजी विषय नभई नागरिकको साझा विषय भएको प्रदेश प्रमुख गुरुङले उल्लेख गर्नुभयो ।

गण्डकी प्रदेशको समृद्धिका लागि पर्यटन, ऊर्जा, कृषि, उद्योग, भौतिक पूर्वाधार, मानव संशाधन र सुशासनलाई केन्द्रमा राखेर सरकारले काम गरिरहेको उहाँले बताउनुभयो । प्रदेश प्रमुख गुरुङले सबैको संयुक्त प्रयासबाट गण्डकीले समृद्धि हासिल गर्ने विश्वास व्यक्त गर्नुभयो ।

## पोखरामा चाइना पुलसंगै थप दुई पुल निर्माण हुने तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन

पोखरामा चाइना पुलसंगै थप दुई वटा पुल निमार्ण हुने तयारी गरिएको छ । पोखरा मुग्लिङ सडक विस्तारको क्रममा पोखराको पृथ्वीचोक स्थित चाइना पुलसंगै थप दुई पुल निमार्ण गर्ने तयारी गरिएको हो ।

आगामी साँढे दुई बर्षमा उक्त पुल निर्माण गर्ने गरी रसुवा कन्स्ट्रक्सन कम्पनीले आन्तरिक तयारी सुरु गरेको छ । नेपालमा बनेका पुलहरु मध्य नितान्त फरक प्रकृतिको सेतीनदी माथि चाइना पुलसंगै थप दुई पुल बनाउने भएको रसुवा कन्स्ट्रक्सन कम्पनीका प्रतिनिधि सुदर्शन देवकोटाले बताए ।

उनका अनुसार हाल निर्माण हुने उक्त पुलको बिचको स्पाम १ सय ४० मिटर, फुटपाथको क्षेत्र २५/२५ मिटरको स्पाम क्षेत्रफल राखि १ सय ९० मिटरको पुल निर्माण हुने भएको कम्पनीका प्रतिनिधि देवकोटाले बताए । हाल पोखरा रंगशालाको दक्षिण उत्तर तर्फको क्षेत्रमा अस्थायी क्याम्प निर्माण गर्न सुरु गरिएको छ भने निर्माण सामाग्री फेब्रिकेसन र कंक्रिटका सामानहरु ल्याउन थालिएको उनले जनाए । हाइ स्ट्रेन्थको कंक्रिट निर्माण हुने भएकोले गर्दा केही समयपछि पुल निर्माण स्थलमा रेडिमिक्सचर राखिने भएको छ । हाल संचालनमा रहेको चाइना पुलको उत्तर र दक्षिण साइडमा दुई वटा पुल चाइना पुलकै लेवलमा निर्माण हुने भएको हो । गाडी गुड्ने भाग साँढे ७ मिटर फुटपाथको रुपमा भने दुबै पुलको ३/३ मिटरको क्षेत्र रहने भएको कम्पनीका प्रतिनिधि देवकोटाले जनाए । साँढे १० मिटरको पक्कि पुल निर्माण हुने भए पनि केही भाग टावर सहित गर्दा १३ मिटरको उक्त पुल निर्माण हुने भएको देवकोटाले बताए । चाइना कम्पनीले केही वर्ष अघि निर्माण गरेको उक्त पुलमा ९० मिटर बिचमा राखिएको छ भने सेतीको भाग जोखिम होला भनेर आफुहरुले भने १ सय ४० मिटर लामो क्षेत्रमा जग राखेर उक्त पुल निमार्ण गर्ने उनले बताए । यस पुलको डिजाइन र नक्सा आफ्नै कम्पनीले बनाउने भएको उनले बताए ।

उक्त परियोजना सेप्टेम्बर २०२२ मा सम्झौता भएको छ भने ३६ महिना समय सिमा भए पनि ६ महिना डिजाइनको समय रहेको छ । समय सिमाभित्र उक्त पुल निर्माण गर्ने कम्पनीले दाबी गरेको छ । कम्पनीले उक्त पुल निर्माण गर्न नक्सा स्विकृतको लागि हाल पेश गरेको छ । पोखराको सेतीनदीमा ९४ करोडको लागतमा दुई वटा पुल निर्माण भएसंगै चाइना पुल सहित अब ३ वटा पुलमा आवाज जावात गर्न सकिने भएको छ ।

उक्त पुल पोखराको लागि नौलो र सेल्फि बृजको रुपमा निर्माण हुने भएको कम्पनीले जनाएको छ । यसैबिच पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भएसंगै उक्त पुल जतिसक्दो छिटो निर्माण गर्न पोखरा महानगरले आवश्यक समन्वय गर्न तयार रहेको महानगरका मेयर धनराज आचार्यले बताउदै आएका छन् ।

## पोखरा-भरतपुर सिधा उडानले व्यवसायी खुसी

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन

पोखरालाई हवाई उडानबाट पूर्वी गन्तव्यसम्म जोड्ने तयारी भएपछि पोखराका पर्यटन व्यवसायी खुसी भएका छन् । निजी क्षेत्रको बुद्ध एयरले आगामी मार्च ९देखि पोखरादेखि भद्रपुरसम्म सिधा हवाई उडान गर्ने तयारी गरेको छ ।

"पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसँगै हवाइ कनेक्टिभिटिमार्फत पूर्व-पश्चिम जोडेर यात्रुलाई सहज सेवा प्रदान गर्न बुद्ध एयर प्रतिवद्ध छ",स्टेशन म्यानेजर गौतम बरालले भन्नुभयो । म्यानेजर बरालका अनुसार पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा बुद्ध एयरका चार जहाज रात्रिकालीन समयमा विमानस्थलमा हुनेछन् । ती विमानले बिहान चार स्थानमा उडान भर्नेछन् । काठमाडौं, भैरहवा, नेपालगञ्ज नियमित उडान भइरहेका छन् भने अब पोखराबाट बिहान ६:१५ मा जहाज भद्रपुरका लागि उड्नेछ । भद्रपुरबाट पोखराका लागि भने बेलुकी ६:५५ मा उडान हुने जनाइएको छ । हवाइ उडान दुरी एक घण्टा १० मिनेटको हुनेछ । पोखरा-भद्रपुर सिधा उडान नहुँदा यहाँ आउने यात्रुले सास्ती खेप्नु परेकाले यात्रुको सहजताका लागि सिधा उडान सञ्चालन गर्न लागिएको उहाँले बताउनुभयो । यसले पश्चिम क्षेत्रलाई पूर्वी गन्तव्यसँग जोडर आन्तरिक पर्यटनका साथै भारतीय पर्यटकलाई पोखरासम्म ल्याउन सघाउ पुग्ने मेनेजर बरालको भनाइ थियो । पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरामा अन्तराष्ट्रिय विमानस्थल सञ्चालन भएसँगै अन्य जिल्लासँगको कनेक्टिभिटि बढ्ने र आन्तरिक पर्यटन प्रवर्द्धन हुने विश्वास व्यक्त गर्नुभयो । "पोखरा पर्यटकीय शहर हो, पूर्वबाट पोखरा आउन चाहने पर्यटकलाई बुद्ध एयरको सिधा उडानले सहज गराउनका साथै भारतीय पर्यटकलाई पोखरा भित्र्याउन भूमिका निर्वाह गर्छ", उहाँले भन्नुभयो । अध्यक्ष श्रेष्ठले यहाँ अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन भए पनि अन्तर्राष्ट्रिय उडान हुन नसकेको प्रति गुनासो गर्दै छिटोभन्दा छिटो उडानका लागि पहल गर्न सरकार र सरोकारवालासमक्ष आग्रह गर्नुभयो । पोखरा पर्यटन बोर्डका प्रमुख काशीराज भण्डारीले पर्यटकहरूले छिटो र आरामदायी यात्रामा रुची राख्ने हुँदा जति एयर कनेक्टिभिटि पर्यटकको चहलपहल पनि बढ्दै जाने बताउनुभयो । पोखरा-भद्रपुर सिधा उडानले पर्यटन प्रवर्द्धन हुने उहाँको भनाइ थियो । सिधा उडानले पर्यटनसँगै यहाँको स्थानीय उत्पादन बिक्री वितरणमा पनि सहज हुने प्रमुख भण्डारीले बताउनुभयो ।

योसँगै बुद्ध एयरले मार्च ९ देखि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट रात्रिकालीन उडान पनि सुरु गर्दैछ । पोखरा बास बस्नेगरी विभिन्न गन्तव्यबाट यात्रु पोखरासम्म आउने भएपछि पर्यटकको सङ्ख्या बढ्ने यहाँका पर्यटन व्यवसायीको अपेक्षा छ । अहिले पोखरा-भद्रपुर सडक यात्रा गर्दा करिब १८ घण्टा बिताउनाका साथै रू २४ सय-२७ सयसम्म भाडा तिर्नुपर्छ तर हवाई उडानबाट भने ७० मिनेटमै यात्रा गर्न सकिने र हवाई भाडा पनि रू नौ हजार छ सय ८५ पर्छ ।

## प्रदेश नं १ को नाम 'कोशी' कायम

**रासस**
काठमाडौं, १७ फागुन

प्रदेश नं १ को प्रदेशसभाले प्रदेशको नाम 'कोशी' कायम गरेको छ । बुधबार बसेको सभाको दोस्रो बैठकले प्रदेशको नाम बहुमतले पारित गरेको हो ।


नेपालको संविधानको धारा २९५ को उपधारा(२) बमोजिम प्रदेश नं १ को दोस्रो सभाको पहिलो अधिवेशनको १३ बैठकबाट प्रदेश नं १ को नाम प्रदेशसभामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाइ बहुमतबाट कोशी प्रदेश नामकरणसम्बन्धी प्रस्ताव सदनमा पेस भएको थियो ।

मत विभाजनका आधारमा प्रदेशको नाम टुङ्गो लगाउँदा कोशी प्रदेशको पक्षमा ८२ मत र विपक्षमा चार मत परेको सभामुख बाबुराम गौतमले जानकारी दिनुभयो ।

नेकपा (एकीकृत समाजवादी) का नेता तथा पूर्वमुख्यमन्त्री राजेन्द्रकुमार राई र प्रदेशसभा सदस्य कमलप्रसाद जबेगुले संयुक्तरूपमा संशोधन प्रस्ताव दर्ता गराउनुभएको थियो । प्रदेशसभा बैठकमा राजेन्द्रकुमारको उक्त संशोधन प्रस्ताव टेबल गरेपछि ध्वनी बहुमतले अस्वीकृत भएको थियो । कोशी प्रदेशको


बाँकी अन्तिम पृष्ठमा ▶▶







## 'कुनै पनि देशका नागरिकको सुरक्षामा चुनौती छैन'

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन

गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक बुद्धिराज गुरुङले कुनै पनि देशका नागरिकको सुरक्षामा चुनौती नरहेको बताउनुभएको छ । सबै देशका नागरिकलाई समान नजरले हेर्दै आएको उल्लेख गर्दै उहाँले शान्ति सुरक्षालाई ध्यान दिएर काम गरिएको स्पष्ट पार्नुभयो ।

नेपालका लागि जापानी दूतावासका द्वितीय सचिव योसिमुरा केन्जीले आफूसँग गर्नुभएको भेटवार्ताका क्रममा नायव महानिरीक्षक गुरुङले नेपाल भ्रमणका लागि सुरक्षित रहेको जानकारी गराउनुभयो । गण्डकी प्रदेशमा जापानीज नागरिकको सुरक्षा र सुविधाको विषयमा जानकारी लिन पोखरा आउनुभएका केन्जीले गुरुङसँग गण्डकी प्रदेशको समग्र शान्ति सुरक्षाको वस्तुस्थितिबारे जिज्ञासा राख्नुभएको थियो । जवाफमा गुरुङले सुरक्षा अवस्था सामान्य र पर्यटकका लागि उपयुक्त रहेको बताउनुभयो । उहाँले कतिपय स्थानमा पर्यटक पथप्रदर्शक बिना एक्लै हिँड्दा समस्या देखिएकाले पथप्रर्दक लिएर जान सुझाव दिएको पनि बताउनुभयो ।

यसका साथै गुरुङले गण्डकी प्रदेशमा रहेको पर्यटक प्रहरीले समेत पर्यटकलाई सुरक्षाका विषयमा आवश्यक सुझाव र जानकारी दिइरहेको बताउनुभयो । पर्यटकको सुरक्षार्थ दूतावाससँग सूचना आदानप्रदान गर्न गण्डकी प्रदेश प्रहरी कार्यालय तत्पर रहेको जनाउँदै उहाँले जापानीज नागरिकलाई पोखरालगायत गण्डकी प्रदेशको भ्रमण सुरक्षित रहेको सन्देश दिएर घुम्न पठाउन आग्रह गर्नुभयो ।

सचिव योसिमुराले शान्ति सुरक्षाको बारेमा जानकारी लिन पाएकोमा खुसी व्यक्त गर्दै पोखरामा माघ १ गते भएको विमान दुर्घटनाले नेपाल आउने जापानी नागरिक रोकिएको र अब सामान्य हुँदै गएपछि आउने नेपाल घुम्न आउने बताउनुभयो ।

## आठ दलका सांसदलाई अभिमुखीकरण गरिने

**रासस**
काठमाडौं, १७ फागुन

नेपाली कांग्रेसको संयोजन र व्यवस्थापनमा आठ राजनीतिक दलका प्रतिनिधिसभा र राष्ट्रियसभा सदस्यलाई राष्ट्रपति निर्वाचन केन्द्रित अभिमुखीकरण कार्यक्रम गरिने भएको छ ।

बिहीबार फागुन १८ गते दिउँसो १ बजे नयाँ बानेश्वर तीनकुनेस्थित रोयल ब्याङ्क्वेटमा कांग्रेस, नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी (जसपा), नेकपा (एकीकृत समाजवादी), लोकतान्त्रिक समाजवादी पार्टी


बाँकी अन्तिम पृष्ठमा ▶▶

# वडा नं १३ मा कृषि प्रदर्शनी मेला

पोखरापत्र संवाददाता
पोखरा, १७ फागुन



पोखरा महानगरपालिका वडा नं १३ को आयोजना एवं महानगरपालिकाको कृषि महाशाखाको साझेदारीमा एक दिने बृहत् कृषि प्रदर्शनी मेला बुधवार सम्पन्न भयो।

वडास्तरीय कृषि सञ्जाल पोखरा-१३ को समन्वयमा गरिएको प्रदर्शनीमा वडाभित्रका विभिन्न कृषक समूहबाट आआफ्ना कृषिजन्य उत्पादन प्रदर्शनमा राखेको वडाध्यक्ष किरण बरालले बताए। कृषिप्रति सर्वसाधारणलाई आकर्षित गराउन मेला आयोजना गरिएको उल्लेख गर्दै उनले वडाभित्र बाँझा जग्गामा खेती गर्दै कृषिजन्य उत्पादनमा आत्मनिर्भर बन्नेतर्फ लाग्नु जरुरी रहेको अध्यक्ष बरालले बताए। पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले कृषि क्षेत्रमा गरिने मेला तथा प्रदर्शनीले कृषकको क्षमता अभिवृद्धिमा योगदान पुग्ने भने। धेरै युवाहरू स्वदेशमै रोजगारीका अवसरहरूमा संलग्न हुन चाहन्छन्। अवसरको लागि वडा१३ ले कृषिमा मेला आयोजना गरेर युवालाइ स्वदेशमा रोजगारको ढोका खुलेको जानकारी दिन मेला आयोजना गरिएको नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बरालले वताए। विदेशबाट फर्केर आउने युवाहरूलाई उद्यमशीलताको आँखाले हेर्ने हो भने यिनै कृषि वस्तुहरूलाई समग्र दृष्टिकोणले हेर्नु उपयुक्त रहेको सभापती बरालले भने।

पोखरा महानगरपालिका वडा नं १३ कृषि सञ्जालका अध्यक्ष नरेन्द्र अधिकारीले कृषक उत्पादनको मूल्य नपाउँदा समस्यामा पर्ने गरेको बताए। वडाभित्रका ४० प्रतिशत जग्गा अझै बाँझो रहेको बताउँदै उनले कृषिमा आकर्षण हुने किसिमका कार्यक्रम ल्याउनुपर्नेमा जोड दिए। प्रदर्शनीमा पुतली तरुल, कान्छी चैतेजस्ता लोपोन्मुख प्रजातिका कृषिजन्य उत्पादनसहितका सामग्री राखिएको छ। मेलाकै अवसरमा रैथाने बालीका परिकारको प्रदर्शनीसहित माटो परीक्षण तथा बाली उपचार शिविर पनि आयोजना गरिएको छ।

# प्रथम फ्लो फ्लो कप फुटवलमा दोश्रो चरणको खेल शुरु

पोखरापत्र संवाददाता
पोखरा, १७ फागुन



पोखरा १३ माछापोखरीमा जारी प्रथम फ्लो फ्लो कपमा बुधवार देखी दोश्रो चरणको खेल शुरु भएको छ।

गन्नी एफ सी फुटवल क्लबको आयोजनामा जारी फ्लो फ्लो कपमा बुधवार सम्पन्न पहिलो खेलमा प्रो फिट फुटवल क्लबले नमुना फुटवल क्लबलाई २-० गोल अन्तरले पराजित गर्दै अघिल्लो चरणमा प्रवेश गर्न सफल रहयो। खेलमा प्रोफिटका आशिस कुंवर र प्रवेश गुरुङले १-१ गोल गर्न सफल भए। त्यसैगरी दोश्रो खेलमा बी १३ ले बीवाइएस एफ सीलाई ६-० को फराकिलो गोल अन्तरले पराजित गर्न सफल रहयो। खेलमा बी १३ को तर्फबाट दीपेश गुरुङले ५ र सन्देश देवकोटाले १ गोल गरे।

तेश्रो खेलमा केआइइसी बोन एफसीले दीनेश एफसीलाई १-० गोल अन्तरले पराजित गर्दै अघिल्लो चरणको यात्रा तय गर्‍यो। खेलमा केआइइसीका तर्फबाट अविनाश तामाङले निर्णायक गोल गरे। चौथो खेलमा एलजी एकताले दीप १६ लाई १-० गोल अन्तरले पराजित गर्‍यो। खेलमा एलजीको तर्फबाट प्रशान्त गुरुङले निर्णायक गोल गरे। पांचौ खेलमा रामघाट एफसीले ढुंगेसांघु एफसीलाई २-० गोल अन्तरले पराजित गर्दै अघिल्लो चरणमा प्रवेश गर्न सफल रहयो। उक्त खेलमा रामघाटका गंगा गुरुङ र प्रविन गुरुङले समान १-१ गोल गरे। त्यसैगरी पांचौ खेलमा रत्न समाजलाई सैनिक एफसीले २-० गोल अन्तरले पराजित गर्‍यो। खेलमा सैनिकको तर्फबाट सुजल गुरुङ र बिकास परियारले समान १-१ गोल गरे। त्यसैगरी बुधवार सम्पन्न अन्तिम खेलमा रत्नचोकले संगम एकेडेमीलाई १-० गोल अन्तरले पराजित गर्दै अघिल्लो चरणको यात्रा तय गर्‍यो। खेलमा रत्नचोकका अभिषेक गुरुङले निर्णायक गोल गरेका थिए। प्रतियोगितामा बिजेतालाई नगद २ लाख ११ हजार १ सय ११ रुपैया नगद, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन। त्यसैगरी उपबिजेताले नगद १ लाख ५ हजार ५ सय ५५, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ। त्यसैगरी प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडीलाई ट्रफि सहित ७ हजारद्वारा पुरस्कृत गरिनेछ। त्यसैगरी उत्कृष्ट गोलरक्षक र सर्वाधिक गोलकर्तालाई जनही ५/५ हजार नगद र ट्रफि प्रदान गरिने छ।

# सुखी नेपाली अभियानमा पार्टीका जनप्रतिनिधि लाग्नुपर्छ : उपमहासचिव ज्ञवाली

पोखरापत्र संवाददाता
दमौली, १७ फागुन



नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपमहासचिव प्रदीप ज्ञवालीले 'समृद्ध नेपाल : सुखी नेपाली' बनाउने अभियानमा पार्टीबाट निर्वाचित जनप्रतिनिधि लाग्नुपर्ने बताउनुभएको छ।

एमाले तनहुँको आयोजनामा बन्दीपुरमा बुधबार सम्पन्न प्रशिक्षण कार्यक्रममा उपमहासचिव ज्ञवालीले पार्टीबाट निर्वाचित जनप्रतिनिधि जनतालाई सुखी बनाउने अभियानमा लाग्नुको विकल्प नभएको उल्लेख गर्नुभयो। नेपालीको राष्ट्रिय आकाङ्क्षा र पार्टी र जनप्रतिनिधिको भूमिका विषयमा उहाँले प्रशिक्षण दिनुभएको हो। नेता ज्ञवालीले पार्टीबाट निर्वाचित प्रतिनिधिसभा, प्रदेशसभा सदस्य र स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिले यही मूलमन्त्रलाई शिरोधार्य गरी काम गर्न आग्रह गर्नुभयो। उहाँले जनताका मुद्दा सम्बोधनका लागि पार्टीले ग्रासरुट अभियान सुरु गरेको बताउनुभयो। जनतासँग नजिक रहेर जनताका मुद्दा सम्बोधनका लागि पार्टीले मिसन ग्रासरुट अभियान सञ्चालन गरेको भन्दै उहाँले भन्नुभयो, "दुई महिनासम्म सञ्चालन हुने यो अभियानअन्तर्गत पार्टीका नेताहरु तल्लो तहसम्म पुगेर जनताका मुद्दा सम्बोधनमा लाग्नुहुन्छ।"

उपमहासचिव ज्ञवालीले वर्तमान राजनीतिक अवस्थाका कारण जनतामा सिर्जित भएका निरासा अन्त्य गराउनुपर्ने अहिलेको आवश्यकता रहेको औँल्याउनुभयो। ज्ञवालीले देशमा हाल तीन वटा समस्या रहेको दाबी गर्दै ती समस्याबाट जनतालाई मुक्त गराउनुपर्ने उल्लेख गर्नुभयो। कार्यक्रममा पार्टीका केन्द्रीय सचिव पद्मा अर्यालले अवसरवाद र सङ्गठनात्मक अराजकताविरुद्ध वैचारिक सङ्घर्षका बारेमा सहजीकरण गर्नुभएको थियो। त्यस्तै केन्द्रीय सदस्य सीमा क्षेत्रीले अन्य पार्टीसँग एमालेको वैचारिक भिन्नता, गण्डकी प्रदेश कमिटी सदस्य केदार सिग्देलले सदस्यको काम, कर्तव्य र अधिकार र कार्यशैली मार्क्सवादी दृष्टिकोणकाबारेमा सहजीकरण गर्नुभएको थियो।

प्रशिक्षण कार्यक्रमको पहिलो दिन मङ्गलबार केन्द्रीय सदस्य भगवती न्यौपानेले मिसन ग्रासरुट र उद्देश्य, केन्द्रीय सदस्य घनश्याम कोइरालाले नेतृत्व र प्रस्तुतीकरण विषयमा सहजीकरण गर्नुभएको थियो।

# नेकपा (एस) को निर्णय : आठ दलका साँझा उम्मेदवार पौडेललाई मतदान गर्ने

रासस
काठमाडौं, १७ फागुन

नेकपा (एकीकृत समाजवादी) ले यही फागुन २५ गते हुने राष्ट्रपतिको निर्वाचनमा आठ दलका साझा उम्मेदवार रामचन्द्र पौडेललाई मतदान गर्ने भएको छ।

पार्टीको बुधबार बसेको सचिवालय बैठकले राष्ट्रपति पदका उम्मेदवार पौडेलको पक्षमा मतदान गर्ने निर्णय गरेको प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिनुभयो।

पछिल्लोपटक विकसित राजनीतिक परिस्थिति एवं अन्तर र्ष्ट्रिय घटनाक्रमका सन्दर्भमा छलफल गरिएको बैठकमा वामपन्थी आन्दोलनलाई एकजुट बनाउन पहलकदमी गर्ने, मुलुकमा शान्ति, स्थिरता र विकासका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने निर्णय गरिएको छ। वडा, क्षेत्र, प्रदेशका साथै सबै जनवर्गीय सङ्गठनको अधिवेशन आगामी जेठभित्र सम्पन्न गरी निर्धारित समसयमा राष्ट्रिय महाधिवेशन गर्ने निर्णय गरेको बैठकले सङ्गठनको पुनर्गठन, पार्टीको भूमिका र गतिविधिलाई प्रभावकारी बनाउने, केन्द्र मातहतका आफ्ना सबै कमिटी, विभाग, सङ्गठनलाई निर्धारित समयसीमाभित्र अद्यावधिक गर्न निर्देशन दिएको छ।

## आठ...

(लोसपा), जनमत पार्टी, राष्ट्रिय जनमोर्चा र नागरिक उन्मुक्ति पार्टीका सांसदहरूका लागि अभिमुखीकरण कार्यक्रम गरिने तय भएको कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो। राष्ट्रपतिको निर्वाचन यही फागुन २५ गते हुँदैछ।

ती आठ दलको समर्थनमा कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले राष्ट्रपति पदमा उम्मेदवारी दिनुभएको छ भने नेकपा (एमाले)का तर्फबाट उपाध्यक्ष सुवासचन्द्र नेम्वाङले राष्ट्रपतिमा उम्मेदवारी दिनुभएको छ।

## प्रदेश...

प्रस्तावमाथिको छलफलमा १५ जना प्रदेश सांसदले भाग लिनुभएको थियो।

प्रदेश सांसदहरूले उठाएको प्रश्नको जवाफ उक्त प्रस्तावका प्रस्तावक एमालेका प्रदेश सांसद रामबहादुर मगरले दिनुभएको थियो। प्रदेशसभाको अर्को बैठक अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको सभामुख गौतमले सभालाई जानकारी दिनुभयो।

# राष्ट्रिय फुटबल टोलीको प्रशिक्षकमा इटालेली प्रशिक्षक एनेस नियुक्त

रासस
काठमाडौं, १७ फागुन

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले नेपाली राष्ट्रिय फुटबल टोलीको मुख्य प्रशिक्षकमा इटालेली प्रशिक्षक भेन रेञ्जो अल्बर्टो एनेसलाई नियुक्त गर्ने निर्णय गरेको छ।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) को बुधबार बसेका बैठकले एनेसलाई नियुक्त गर्ने निर्णय गरेको हो।

नेपाली राष्ट्रिय फुटबल टोलीको प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीको राजीनामापछि रिक्त रहेको प्रशिक्षक पदमा एनेसलाई नियुक्त गरिएको हो। नवनियुक्त प्रशिक्षक एनेस यसअघि बेलिजको राष्ट्रिय फुटबल टोलिको प्रशिक्षक हुनुहुन्थ्यो। यसअघि नेपालले घरेलु मैदानमा आयोजना भएको बङ्गलादेश र पाकिस्तानबीचको मैत्रीपूर्ण खेलका लागि क्रमशः प्रदीप हुमागाईं र सहिद स्मारक ए डिभिजन लिगको साविकको विजेता मच्छिन्द्र फुटबल क्लबका प्रशिक्षक प्रवेश कटुवाललाई कार्यवाहक प्रशिक्षणको जिम्मेवारी दिएको थियो।

# सन्दीप लामिछाने युएई प्रस्थान

रासस
काठमाडौं, १७ फागुन

नेपाली राष्ट्रिय क्रिकेट टोलीका सदस्य सन्दीप लामिछाने आइसिसी विश्वकप क्रिकेट लिग-२ खेल्न बुधबार युएई प्रस्थान गरेका छन्।

नेपाली टोलीका सदस्य श्याम (मौसम) ढकालको स्थानमा सन्दीपलाई युएई पठाएको नेपाल क्रिकेट सङ्घ (क्यान)ले जनाएको छ। हिजो भएको अभ्यास खेलका क्रममा ढकाल घाइते भएपछि सन्दीपलाई युएई पठाइएको क्यानले जनाएको हो। युएईमा जारी आइसिसी विश्वकप लिग-२ अन्तर्गत नेपाल, युएई र पपुवा न्युगिनीबीच एकदिवसीय शृङ्खला चलिरहेको छ। सर्वोच्च अदालतले सन्दीपलाई विदेश जान अनुमति दिएसँगै सन्दीपका लागि युएईको ढोका खुलेको हो। नाबालिग बलात्कार अभियोग लागेका सन्दीपलाई सर्वोच्च अदालतले राष्ट्रिय टिमको खेल खेल्न विदेश जान अनुमति दिएपछि उनी युएई प्रस्थान गरेका हुन्।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# दुर्घटना न्यूनीकरण भएन , चौध दुर्घटनामा छ को मृत्यु

**रासस**
बागलुङ, १७ फागुन

चालु आर्थिक वर्षको साउनदेखि हालसम्म बागलुङमा १४ दुर्घटना भएका छन् । दुर्घटनामा ६ जनाको मृत्यु भएको छ, भने १३ गम्भीर घाइते भएका छन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय बागलुङको तथ्याङ्क अनुसार घाइतेमा हुनेमा ११ पुरुष छन् भने एक नाबालिकासहित दुई महिला छन् । बढ्दो दुर्घटना न्यूनिकरणका लागि ट्राफिक प्रहरीले नियमका कडाइ गर्नुका साथै सचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिएपनि दुर्घटना न्यूनीकरण भएको छैन । जिल्ला सदरमुकाम आसपासभन्दा बढी दुर्गम गाउँ र भर्खर बजार विस्तार भइरहेका ठाउँमा दुर्घटना हुने गरेको जिल्ला ट्राफिक कार्यालयका प्रमुख प्रहरी वरिष्ठ नायब निरीक्षक मीनबहादुर खड्काले बताउनुभयो । उहाँले ग्रामीण सडक साँघुरो, धेरै कच्ची हरेको र त्यस्ता सडकमा तीव्रगतिमा यातायातका साधान चलाउदा दुर्घटना हुने गरेको बताउनुभयो ।

जिल्लाका अधिकांश बस्तीमा सडक पुगेका छन् । ती सडकमा चालकले मादकपदर्थि सेवन गरेर गाडी चलाउने गर्दा दुर्घटना बढ्ने गरेको उहाँ भनाइ छ । उहाँ भन्नुहुन्छ " दुर्घटना न्यूनीकरणका लागि गाउँ-गाउँसम्म पुगेर चालक, सहचालक र यात्रुलाई सचेत गराउनुपर्ने देखिन्छ, त्यो हामीहरूले गरी राखेका छौं ।"

जिल्लामा गाडीले क्षमताभन्दा बढी बोक्ने हुँदा दुर्घटनाको जोखिम बढिरहेको बताउनुभयो । उहाँले आठ महिनाको अवधिमा ट्राफिक नियमको अवज्ञा गर्ने सात हजार आठ सय सवारी साधानलाई कारबाही गरेर ५२ लाख ५० हजार ५०० रुपैयाँ राजश्वसमेत सङ्कलन गरेको बताउँनुहुन्छ । कारबाही गरे मात्रै दुर्घटना नरोकिने उहाँको भनाइ छ ।

गत साउनदेखि हालसम्म सबैभन्दा बढी मोटरसाइकल र सबैभन्दा कम ट्रिपर कारबाहीमा परेका छन् । यस अवधिमा दुई हजार नौ सय ४९ मोटरसाइकल र आठ सय दुई वटा टिपर कारबाहीमा परेका छन् । ट्राफिक बागलुङको तथ्याङ्क हेर्दा मोटरसाइकलबाट १९ लाख ५७ हजार रुपैयाँ र ट्रिपरबाट पाँच लाख ४६ हजार ५०० रुपैयाँ राजस्व सङ्कलन भएको छ । तथ्याङ्क हेर्दा आठ सय ७० बस, दुई हजार तीन जीप, एक हजार एक सय ४३ ट्याक्टर र ३३ वटा अन्य सवारीसाधान कारबाहीमा परेका छन् । हालसम्म ट्राफिक नियमको उल्लङ्घन गर्ने ट्याक्टरबाट सात लाख ८५ हजार, जीपबाट १३ लाख ५७ हजार पाँच सय, बसबाट पाँच लाख ८४ हजार ५०० रुपैयाँ र अन्य सवारी साधानबाट २० हजार सङ्कलन भएको छ ।

# लदी पर्वको संरक्षणमा माझी समुदाय

**पोखरापत्र संवाददाता**
पर्व, १७ फागुन

पछिल्लो समय लोप हुँदै गएको लदी पर्वको संरक्षणमा यहाँको माझी समुदाय लागिपरेको छ । मालढुङ्गाको माझी समुदायले मङ्गलबार यो पर्व धुमधामसँग मनाएका छन् ।

सडक निर्माण तथा नदीमा पुल निर्माण भएसँगै माझी समुदायको मुख्य पेसा माछा मार्ने र डुङ्गा (नाउ) मा सर्वसाधारणलाई नदी तार्ने काम बन्द भएपछि लदी पर्व पनि हराउँदै गएको थियो । पर्वतको कुश्मा नगरपालिका-१ मालढुङ्गामा यसअघि लदीपूजा हुन सकेको थिएन । अल्पसङ्ख्यक माझी समुदाय सधैँ खोला र नदीको नजिक बस्ने गर्छन् । उनीहरू यसैमाथि आश्रित हुने भएकाले पूजा गर्ने परम्परा रहिआएको बताइन्छ । लदीपूजा गर्दा नदीमा डुङ्गा चलाउँदा र माछा मार्दा कुनै जोखिम आउँदैन भन्ने विश्वास माझी समुदायको छ । साथै नदीमा पौडी खेल्दा बगाउँदैन भन्ने मान्यता छ । वर्षात्को समयमा नदीले बर्सेनि विभिन्न ठाउँमा मानवीय, भौतिक र आर्थिक क्षति पुऱ्याइरहेको छ। त्यस्ता किसिमका कुनै पनि मानवीय, भौतिक र आर्थिक क्षति नपुऱ्याओस् भनेर नदीको पूजा गरिँदै आएको स्थानीय बलबहादुर माझीले बताउनुभयो। लदीपूजामा आएका माझी समुदायले मौलिक पोशाक गुन्युचोली र फेटा इस्टकोटमा सजिएका थिए। आफ्नै समुदायमा समेत यसको महत्व उजागर गर्न आवश्यक रहेको उहाँले बताउनुभयो । माझी समुदायले मुख्य पर्वका रूपमा मनाउने यस पूजाको संरक्षण आवश्यकता भएको उनीहरूको भनाइ छ । माझी समुदायको पर्वलाई राष्ट्रिय पर्वका रूपमा मनाएर सरकारी तवरबाट संरक्षणको पहल हुनुपर्ने उनीहरूको माग छ ।

पर्वत र बागलुङको सङ्गमस्थल मालढुङ्गामा झन्डै तीन सय माझी समुदायका परिवार बस्दै आएका छन् । पोखरा-बागलुङ सडक खुलेपछि सोही आयोजनामा काम गर्न माझी समुदाय यहाँ बस्दै आएको हो । उनीहरू हाल कालीगण्डकी नदीबाट बालुवा निकालेर बिक्री गर्ने तथा बङ्गुरपालन लगायतका व्यवसाय गर्दै आएका छन् ।

# पर्वतमा हलगोरु पाल्ने प्रचलन हराउँदै

**पोखरापत्र संवाददाता**
पर्वत, १७ फागुन

एक दशक अघिसम्म फलेवास नगरपालिका-५ का ढाकाराम सुवेदीको गोठमा हलगोरु हुन्थे । पूर्वकृषि प्राविधिक सुवेदीले २०७५ सालमा यान्त्रिक हलो किन्नुभयो । उहाँले त्यसपछि गोरु पाल्ने झनझट गर्नुभएन ।

कुस्माकै किसान विष्णु भुँवाजीले पनि यान्त्रिक हलोले जोतेर खेती गर्न थालेको नौ वर्ष भइसकेको छ । अचेल जिल्लाका झन्डै ७० प्रतिशत किसानले यान्त्रिक हलो मिनी ट्रिलर, पावर ट्रिलर, ट्र्याक्टर प्रयोग गर्ने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ । तत्कालीन जिल्ला कृषि विकास कार्यालयले आर्थिक वर्ष २०७१/७२ देखि यान्त्रिक हलो भित्र्याएर किसानलाई अनुदानमा वितरण सुरु गरेपछि यहाँ बिस्तारै गोरु पाल्ने चलन हराउँदै गएको हो । तत्कालीन वरिष्ठ कृषि विकास अधिकृत (हाल गण्डकी प्रदेश कृषि निर्देशक) वासुदेव रेग्मीका अनुसार कृषि कार्यालयले आव २०७४/७५ सम्म पाँच सय यान्त्रिक हलो वितरण गरेको थियो । कृषि ज्ञान केन्द्रको पछिल्लो तथ्याङ्कअनुसार आव २०७५/७६ यताका चार वर्षमा केन्द्रले एक हजार तीन सय यान्त्रिक हलो वितरण गरिसकेको छ । यसबाहेक स्थानीय सरकारले पनि कृषिमा विनियोजन हुने अधिकांश रकम यान्त्रिक हलोमै खर्चने गरेका छन् । जिल्लाका सातवटै पालिकाले बर्सेनि दुई सय हाराहारीमा यान्त्रिक हलो वितरण गर्ने गरेको ज्ञान केन्द्रका सूचना अधिकारी एवं कृषि प्रसार अधिकृत विश्वास काफ्लेले बताउनुभयो ।

त्यसबाहेक विभिन्न परियोजना, विभिन्न गैरसरकारी संस्था, दातृ निकायले समेत अनुदानमा यान्त्रिक हलोलाई नै प्राथमिकतामा राखेको पाइएको छ। जिल्लामा ५३ हजार छ सय ८६ हेक्टर जमिनमध्ये २८ हजार पाँच सय ९३ हेक्टर खेतीयोग्य जग्गा छ । पछिल्लो दशक खेतीयोग्य जमिन मासिँदै जाँदा करिब २४ हजार हेक्टरमा मात्रै खेती हुँदै आएको छ । भइरहेको खेतीयोग्य जमिनमध्ये पनि झन्डै सात हजार हेक्टरमा मात्रै बाह्रै महिना सिँचाइ सुविधा पुगेको छ । यान्त्रिक हलोका कारण थोरै जनशक्तिले अधिक क्षेत्रफलमा खेती लगाउन सहज भएको कृषक बताउँछन् । गाउँघरमा कृषि मजदुर नपाइने, कम समयमा धेरै खेती गर्न नसकिने, आवश्यक परेका बेला हलगोरु नपाइने, साँघुरा सुर्कामा खनजोतका लागि बाउसेको अभावलगायत समस्यालाई यान्त्रिक हलोले हटाएको कुश्मा-१२ का कृषक रामप्रसाद सापकोटाले बताउनुभयो । कृषिको यन्त्रीकरणले खेतीपातीमा सहजता भए पनि गोबर मलको अभाव हुन थालेको उहाँको भनाइ छ ।

पूर्वकृषि प्राविधक सुवेदीले गाउँघरमा गोरु पाल्न छोडेपछि दाइँ हाल्ने गोरुको अभावदेखि गोबर मलको अभाव हुन थालेको बताउनुभयो । प्रतिरोपनी साढे तीन मुरीसम्म धान उत्पादन हुने खेतमा प्राङ्गारिक मलकै अभावमा उत्पादकत्व ४० प्रतिशतसम्म घटेको उहाँले बताउनुभयो ।

व्यावसायिक खेती गर्दै आएका कुस्मा-८ का भुवाँजीले पनि बेमौसमी तरकारी उत्पादनमा ह्रास आउनाका साथै रोग, कीराको प्रकोप पनि बढेको बताउनुभयो । "गाईवस्तुको मल र पिसाबले उत्पादनमा निकै सहयोग गर्थ्यो", उहाँले भन्नुभयो, "अहिले मलदेखि विषादीसम्म रासायनिक नै प्रयोग गर्दा असर परेको छ ।" रासायनिक मल र विषादीको प्रयोग अस्वाभाविक रूपमा प्रयोग गर्दा त्यसले माटोमा समेत गम्भीर असर पारेको कृषि ज्ञान केन्द्र प्रमुख मनिता थापाले बताउनुभयो । थापाका अनुसार अहिले जिल्लामा झन्डै ३० प्रतिशतको हाराहारीले मात्र गोरुमार्फत खेतबारी खनजोत गर्दै आएका छन् । बाँकी सबैले यान्त्रिक हलोकै प्रयोग गर्ने गरेको थापाले बताउनुभयो । खेतबारीमा यान्त्रिक हलोको प्रयोगपछि माटोमा अम्लियपनाको मात्र वृद्धि भएको उहाँको भनाइ छ ।

# मनाङमा ट्राफिक नियमसम्बन्धी सचेतना

**पोखरापत्र संवाददाता**
मनाङ, १७ फागुन

हिमाली जिल्ला मनाङमा सवारीसाधन आवागमन हुने समय भएपछि सडक सवारी तथा ट्राफिक नियमसम्बन्धी सचेतनामूलक कार्यक्रम गरिएको छ ।

हिउँदयाम सकिन लागेपछि सवारीसाधन आवागमन बढ्ने भएकाले 'समुदाय-प्रहरी साझेदारी' कार्यक्रमअन्तर्गत जिल्ला ट्राफिक प्रहरी कार्यालय मनाङले सचेतनामूलक कार्यक्रम गरेको हो । नासों गाँउपालिका-३ स्थित बेँसीसहर-मनाङ सडक खण्डमा गुड्ने सवारी चालक, सहचालक, स्थानीयसमेतको सहभागितामा सचेतना कार्यक्रम गरिएको जिल्ला प्रहरी कार्यालय मनाङका प्रमुख एवं प्रहरी नायब उपरीक्षकनवीनभण्डारीलेजानकारी दिनुभयो। "इलाका प्रहरी कार्यालय धारापानीको आयोजनामा ट्राफिक नियमसम्बन्धी सचेतनामूलक कार्यक्रम गरी चालक, सहचालक र स्थानीयवासीलाई सचेत गराइएको हो",भण्डारीले भन्नुभयो, "जोखिम सडकमा यात्रा गर्दा सचेतना बढी अपनाउनपर्ने हुन्छ । यसलाई प्राथमिकतामा राखेर कार्य गरिरहेका छौँ ।" वर्षायाम सुरु हुन लागेकाले जिल्लामा सवारी आवागमन बढ्ने उहाँले बताउनुभयो । दुर्घटनारहित सुरक्षित यात्रा गर्ने वातावरण बनाउन आवश्यक रहेको उहाँको भनाइ छ ।

हिउँदमा चिसो छल्न जिल्ला बाहिर गएका जिल्लावासी फर्किने क्रम सुरु भएको छ । यसले गर्दा अब जिल्लामा सवारी आवागमन र पर्यटक आउने उपयुक्त मौसम सुरु भएकोले पर्यटक सवारी बढ्न सक्ने हुँदा सुरक्षित बनाउन सचेतना कार्यक्रम गरिएको हो ।

# समय अगाडि फुल्यो लालीगुराँस

**रासस**
म्याग्दी, १७ फागुन

चैत-वैशाखमा फुल्नुपर्ने लालीगुराँस म्याग्दीको जङ्गलमा माघ महिनादेखि फुलेर फागुन आइपुग्दा राताम्मे भएको छ ।लालीगुराँस समयभन्दा अगाडि नै फुले पनि हिउँद घर्कीसक्दासम्म अझै हिमपात भएको छैन ।

गत आइतबार सामान्य वर्षा भए पनि माटो भिज्नेगरी हिउँदे वर्षासमेत नहुँदा हिउँदे खाद्यान्न उत्पादन घट्ने भयले किसान चिन्तित छन् । मौसममा आएको परिवर्तनले लालीगुराँस दुई महिना अगाडि नै फुलेको स्थानीयवासी बताउँछन् । धवलागिरि गाउँपालिकाका झकबहादुर छन्त्याल चैत वैशाखमा फुल्नुपर्ने लालीगुराँसमा माघमै कोपिला लागेर मध्यफागुनसम्म आइपुग्दा जङ्गलै राताम्ये हुनेगरी ढकमक्क फुलिसकेको बताउनुहुन्छ । चैत दोस्रो हप्ता लालीगुराँस फुलेर जङ्गल राताम्मे हुनुपर्नेमा फागुन महिनामै फुलेर सबैलाई अचम्मित बनाएको छ ।

अघिल्लो वर्ष चैत-वैशाख महिनामा मात्र लालीगुराँस फुल्ने गर्दथ्यो । यसवर्ष हिउँदमा हिमपात नभएर वर्षा कम भए पनि लालीगुराँस भने राम्रोसँग फुलेको हो । पश्चिमी म्याग्दीको मालिका, मङ्गला, धवलागिरि र उत्तरी म्याग्दीको अन्नपूर्ण, रघुगङ्गा गाउँपालिकाका विभिन्न जङ्गलमा लालीगुराँस फुलेर राताम्यै भएको स्थानीयवासीको भनाइ छ । लालीगुराँस फुलेसँगै जङ्गल रातै देखिन थालेपछि स्थानीयवासी रमाउन थालेका छन् ।

कृषि प्राविधिक जगत बानियाँ मौसममा आएको परिवर्तनका कारण तापक्रम वृद्धि भएकाले पनि लालीगुराँस चाँडो फुलेको हुनसक्ने बताउनुहुन्छ । उहाँका अनुसार उच्च हिमाली क्षेत्रमा चैत दोस्रोदेखि वैशाख महिनासम्म लालीगुराँस फुल्ने समय हो । यसको बारेमा थप अध्ययन गर्नु आवश्यक रहेको उहाँको भनाइ छ ।


## शिक्षक आवश्यकता

प्रकाशित मितिः २०७९/११/१८ गते

यस विद्यालयको आधारभूत तह (प्राथमिक १-३) मा सट्टा शिक्षक एक वर्षे कार्यकालका लागि नियुक्ति गर्नु पर्ने भएकोले पो.म.न.पा. शिक्षा महाशाखाको मिति २०७९/११/१६ र च.नं. ५८५ को पत्रानुसार उक्त रिक्त पदमा तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट आवेदनको लागि अनुरोध गरिन्छ ।

**तपशिल**
पदः आधारभूत तह सट्टा शिक्षक संख्याः १ जना
तहः प्राथमिक
तलव स्केलः नेपाल सरकारको प्रचलति नियम सरह
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा १२ उत्तीर्ण वा सो सरह
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

निवेदन दस्तुरः रु १०००।- (एक हजार मात्र)
दरखास्त दिने अन्तिम मितिः २०७९/१२/०२ गते ४:०० बजेसम्म
परीक्षा मितिः २०७९/१२/०४ गते
परीक्षाको किसिमः लिखित र अन्तवार्ता तथा प्रयोगात्मक

**संयोजक**
**शिक्षक छनौट समिति**
**अन्नपूर्ण आधारभूत विद्यालय**
**पोखरा-६, बैदाम**
**सम्पर्क नं.: ९८०२८२९०३४,९८६९१४१८७४**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ९ नयाँ सडक सडक किनारामा सानो चौतारी निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नामः नयाँ सडक सडक किनारामा सानो चौतारी निर्माण
स्थानः पोखरा–९ न्यूरोड
योजना सम्झौता मिति : २०७९/०९/११ गते
योजना सुरु भएको मिति : २०७९/०९/१२ गते
योजना सम्पन्न हुने मितिः २०७९/१२/३० गते
योजनाको कुल लागत : रु. ७,७७,४००।–
महानगरपालिका वडा नं. ९ वडा स्तरबाट प्राप्त हुने रकम : रु.७,००,०००।–
जन श्रमदानवाट : रु.७७,४००।–
उपभोक्ता समिति अध्यक्षः मनोहर श्रेष्ठ
सम्पर्क नं.: ९८५६०२२५८७

**नयाँ सडक सडक किनारामा सानो चौतारी निर्माण उपभोक्ता समिति पोखरा-०९, न्यूरोड**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १२ र १३ मा रहेको श्री गणेश तथा भद्रकाली मन्दिर क्षेत्रमा भैरहेको मन्दिर परिसर भन्दा अझै फराकिलो र व्यवस्थित बनाउने गुरुयोजना मुताविक पश्चिम तर्फको रिटेनिङ्ग कम्पाउण्ड वाल लगाउने कार्ययोजना निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नामः रिटेनिङ्ग कम्पाउण्ड वाल निर्माण
स्थानः पोखरा–१२/१३ कुँडहर, कास्की
योजना सम्झौता मिति : २०७९/०९/१२ गते
योजना सुरु भएको मिति : २०७९/०९/१३ गते
योजना सम्पन्न मितिः २०७९/११/०१ गते
योजनाको कुल लागत : रु. १०,७१,४२८।–
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.७,५०,०००।–
जन सहभागितावाट : रु.३,२१,४२८।–
योजना सम्पन्न हुँदा कुल मुल्याङ्कन : रु १०,७७,९६९।–
उपभोक्ता समिति अध्यक्षः योगेन्द्रमान श्रेष्ठ

**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार**
**कुँडहर, पोखरा-१२/१३ कास्की**



## Invitation for Sealed bids
## INF Nepal Green Pastures Hospital
**Pokhara-15, Kaski, Gandaki Province, Nepal**

INTERNATIONAL NEPAL FELLOWSHIP

**Invitation for Sealed bids for the Supply and Delivery of Bio-Medical Testing Devices**
**First Date of Publication: 2nd March, 2023**
**Tender Reference No. : TN-04-2079/80**

1. INF Nepal Green Pastures Hospital, Pokhara-15 invites sealed bids from Nepalese eligible bidders for the supply and delivery of Bio-Medical Testing Devices under Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Green Pastures Hospital, Pokhara-15, Kaski.
3. Interested bidders shall deposit the cost of bidding document of NRs 2,000 in the following bank or can be paid to INF Nepal GPH Administration Office for obtaining bidding document:
   **Name of the Bank:** Sanima Bank Limited **Bank Branch:** Pokhara Branch
   **Name of Office:** INF Nepal Green Pastures Hospital
   **Bank Account No.:** 006010010000155
4. Interested bidders shall submit the sealed bids to INF Nepal Green Pastures Hospital on or before 04:00 PM on 17th March, 2023. Sealed bids received after this deadline will be rejected.
5. Eligible bidders shall submit the copy of company registration certificate, VAT registration certificate, tax clearance certificate of FY 2078/79 and authorization letter/power of attorney while submitting the bid.
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date.
7. Any discrepancies or error in the bid document, bid notice or any other document will be as per INF Nepal's Procurement Policy; the office of INFGPH reserves the right to correct, amend or cancel this bid at any time.
8. For further information, email to: info.gph@nepal.inf.org or Tel 977 61 430640, 430342.